आज मिति २०८१ साल साउन महिना १८ गते दिनको ४:०० बजे देखि बेलका नगर कार्यपालिकाको चालु आ.व.२०८१\०८२ को तेस्रो बैठक नगर प्रमुख श्री अशोक कार्की ज्युको अध्यक्षतामा र देहाय बमोजिमको उपस्थितिमा बसी देहायको निर्णयहरु गरियो।

| क.स. | नाम थर | पद | ठेगाना | सम्पर्क न. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री अशोक कार्की | नगर प्रमुख | बे.न.पा. | | |
| २ | श्री जिरा राई | नगर उप-प्रमुख | बे.न.पा. | | |
| ३ | श्री दिनेश्वर प्रसाद चौधरी | वडा अध्यक्ष | बे.न.पा.१ | | |
| ४ | श्री प्रेम बहादुर दाहाल | वडा अध्यक्ष | बे.न.पा.२ | | |
| ५ | श्री टंक प्रसाद आचार्य | वडा अध्यक्ष | बे.न.पा.३ | | |
| ६ | श्री तिर्थ राज अधिकारी | वडा अध्यक्ष | बे.न.पा.४ | 9820605849 | |
| ७ | श्री दिपक राज रेग्मी | वडा अध्यक्ष | बे.न.पा.५ | | |
| ८ | श्री बसन्त कुमार मगर | वडा अध्यक्ष | बे.न.पा.६ | 9842823006 | |
| ९ | श्री निकेश राई | वडा अध्यक्ष | बे.न.पा.७ | 9815786705 | |
| १० | श्री जय कुमार राई | वडा अध्यक्ष | बे.न.पा.८ | | |
| ११ | श्री सन्तोष थापा | का.वा.वडा अध्यक्ष | बे.न.पा.९ | 9808679716 | |
| १२ | श्री चन्द्रकला परियार | का.पा.स. | बे.न.पा. | | |
| १३ | श्री बिष्णु कुमारी परियार | का.पा.स. | बे.न.पा. | | |
| १४ | श्री नानीमैया खतिवडा | का.पा.स. | बे.न.पा. | | |
| १५ | श्री निर्मला बि.क. | का.पा.स. | बे.न.पा. | | |
| १६ | श्री राजेन्द्र परियार | का.पा.स. | बे.न.पा. | | |
| १७ | श्री सरिता बिश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १८ | श्री निर बा.बिश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १९ | श्री पुरुषोत्तम घिमिरे | प्र.प्र.अ. | बे.न.पा. | | |

अन्य उपस्थिति

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | श्री रवि किरण आचार्य | अ.स्तर सातौं | बे.न.पा. | | |
| २२ | श्री रण ब. बुढाथोकी | स.स्तर पाँचौं | | | |
| २३ | श्री | | | | |
| २४ | श्री | | | | |
| २५ | श्री | | | | |

बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामपुर, उदयपुर कोशी प्रदेश नेपाल २०७३

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

मितिः- २०८१/०४/१८
आ.व.:- ०८१/०८२
बैठक संख्याः- ०३

प्रस्तावहरुः-

१. महिला आवासीय फुटवल एकेडेमी संचालन कार्यविधि-२०८१ निर्माण, बजेट ब्यबस्थापन, खेलाडी छनौट, उद्धाटन तथा खर्च ब्यबस्थापन सम्बन्धमा ।

२. ल्याव सूचीकरण र गुणस्तर परिक्षण सिफारिस सम्बन्धमा ।

३. उच्च अदालत, बिराटनगरको अल्पकालिन आदेशको थप व्याख्या सम्बन्धमा ।

४. नदिजन्य पदार्थको अनुगमनका सम्बन्धमा ।

५. विपद प्रतिकार्य एवं खोला नियन्त्रणका खर्च भुक्तानीका सम्बन्धमा ।

६. योजना छनौट सम्बन्धमा ।

निर्णयहरुः

- प्रस्ताव नं. १ माथि छलफल गर्दा बेलका नगरपालिका वडा नं. ४ स्थित श्री जनता नमुना माध्यमिक विद्यालय, गुरुङचौरीमा महिला आवासीय फुटबल एकेडेमी संचालन गर्नको लागी कार्यविधि निर्माण गर्न विधायन समितिलाई निर्देशन दिने, बजेट व्यवस्थापनका सम्बन्धमा नगर युवा तथा खेलकुद विकास समितिको समन्वय र प्रत्यक्ष निगरानीमा खर्च हुने गरि आ. ब. ०८१/०८२ वार्षिक योजना तथा कार्यक्रमको सामाजिक विकास अन्तर्गत बुँदा नं. ४८ मा विनियोजित रकम रु. ३,००,०००/- र खेलकुद विकास अन्तर्गत बुँदा नं. १ मा विनियोजित रकम रु ६,००,०००/- गरी जम्मा रु. ९,००,०००/- (अक्षरेपी नौ लाख रुपैयाँ मात्र ।) उक्त विद्यालयको खातामा जम्मा गरिदिने, अन्तिम चरणको खेलाडी छनौट मिति २०८१ साल श्रावण २९ गते मङ्गलबार र एकेडेमीको उद्धाटन मिति २०८१ साल भाद्र महिनाको ६ गते विहिबार श्री जनता नमुना मा. वि. को प्राङ्गणमा यस नगरपालिका भित्रका राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा यस पालिकालाई चिनाउन सफल खेलाडीहरुलाई साथै २०८१ को SEE मा उत्कृष्ट नतिजा ल्याउन सफल सामुदायिक बिद्यालय र ब्यबस्थापन समितिलाई सम्मान गर्दै भव्य रुपमा गर्ने र छनौट तथा उद्धाटन कार्यक्रमको आयोजनामा लाग्ने खर्च यस बेलका नगरपालिकाको कार्यालय बाट गर्ने निर्णय गरियो ।
- प्रस्ताव नं. २ माथि छलफल गर्दा श्री जनता नमुना माध्यमिक विद्यालय, बेलका-४, गुरुङचौरीमा सिभिल इन्जिनियरिङ तर्फ (९-१२) को कार्यक्रम संचालनमा रहेको र निर्माण सम्बन्धि गुणस्तर परिक्षणका लागी आवश्यक पर्ने Equipment हरु ब्यबस्थापन गरी ल्याव संचालन गरिरहेको र हाल इन्जिनियरिङ अध्ययन संस्थानबाट Calibration Certified भइसकेको हुनाले आफ्नै नगरपालिका भित्र संचालनमा रहेको ल्याव लाई प्राथमिकतामा राखेर विधिवत तरिकाले सुचिकृत गरि यस कार्यालय मार्फत हुने योजनाहरुका निर्माण सामग्रीहरुको गुणस्तर परिक्षण गर्न गराउन उक्त ल्यावलाई सिफारिस गर्न बेलका नगरपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।
- प्रस्ताव नं. ३ माथि छलफल गर्दा सम्मानित उच्च अदालत, बिराटनगरको मिति २०८१/०४/१६ गतेको आदेश वमोजिम निवेदकहरुले बेलका नगर कार्पायलिकाको कार्यालय, रामपुर उदयपुरको मिति २०८१/०३/१२ को पत्र बाट प्रमाणित परिमाणको टंक प्रसाद आचार्य र लक्ष्मी खड्काको निजी जग्गामा भण्डारण गरेको गिट्टी ढुँगा आजका मितिबाट ३० दिन सम्म जफत गर्ने कार्य नगर्नु नगराउनु, यथास्थितिमा राखु भनि विपक्षहरुको नाउँमा यस अदालत बाट मिति २०८१/०३/२८

अशोक कार्की
नगर प्रमुख

गते भएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता प्रदान गरिदिएको छ भन्ने व्यहोरामा यथास्थिति भन्नाले निवेदक ठेकदार अनिल आचार्यलाई आदेशमा उल्लेख भए वमोजिमको स्थान र परिमाणमा भण्डारण गरिएको नदिजन्य पदार्थको स्थानान्तरण गर्न अनुमति दिनुपर्ने हो या उक्त नदिजन्य पदार्थलाई जफतको कामकारवाही अगाडी नबढाईकन यथास्थानमा नै भण्डारण गर्न दिनुपर्ने हो, यस सम्बन्धमा प्रष्ट हुंनको लागी उच्च अदालत, बिराटनगर लाई अल्पकालीन आदेशको थप व्याख्या गरिदिनको लागी अनुरोध गर्ने निर्णय गरियो ।

- प्रस्ताव नं. ४ माथि छलफल गर्दा जिल्ला समन्वय समिति, उदयपुरका अध्यक्ष माननीय गौर बहादुर विश्वकर्मा ज्यूको संयोजकत्वमा मिति २०८१ श्रावण १८ गते शुक्रबार यस नगरपालिका भित्रका गिदेरी खोला, सिसुवा खोला, मुर्ति खोला र यसोदा खोलाको अनुगमन गर्दाको क्रममा गिदेरी खोलाको किनारमा वेवारिसे अवश्थामा केहि नदिजन्य पदार्थ मौज्दात रहेको पाइएकोले उक्त नदिजन्य पदार्थलाई प्राविधिक नापजाँच गरि जफत गर्ने निर्णय गरियो र अन्य खोलाक्षेत्रमा त्यस्तो कुनै पनि वस्तुहरु फेला नपरेको र नगरपालिका भित्रका बाँकी खोलाहरुको पनि निरन्तर अनुगमन गर्ने निर्णय गरियो ।
- प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस बेलका नगरपालिका भित्र विपद्का समयमा विभिन्न खोलाहरुमा आएको बाढीजन्य विपद्का कारण भएको क्षति र कटान नियन्त्रण गर्न मिति २०८१ साल असार मसान्त सम्म सम्पन्न गरिएका विपद प्रतिकार्य र कटान नियन्त्रण सम्बन्धि देहाय वमोजिमका योजनाहरुको आवश्यक प्राविधिक नापी तथा मुल्यांकन वमोजिम भुक्तानी दिने निर्णय गरियो ।

१. जोगिनी खोला नियन्त्रण- बे. न. पा. -६ ।
२. गिदेरी खोला नियन्त्रण- बे. न. पा. -५ ।
३. सेती खोला र भर्तिवाल खोला कटान नियन्त्रण- बे. न. पा. -८ ।
४. सेती खोला कटान नियन्त्रण- बे. न. पा. - ८ ।
५. यसोदा खोला कटान नियन्त्रण- बे. न. पा.-९ ।
६. खार खोला कटान नियन्त्रण- बे. न. पा.-९ ।
७. सेतीखोला कटान नियन्त्रण- बे. न. पा.-८ ।
८. खानियु खोला कटान नियन्त्रण- बे. न. पा.-४ ।
९. भल्मन्ति खोला कटान नियन्त्रण- बे. न. पा. -१ ।
१०. सिसुवा खोला कटान नियन्त्रण- बे. न. पा. - ४ ।
११. नगर प्रमुख जनसरोकार कार्यक्रम- बे. न. पा. -१ ।
१२. बिभिन्न सडक मर्मत- बे. न. पा. - ९ ।
१३. जोगिनी खोला कटान नियन्त्रण- बे. न. पा.-३ ।
१४. Tractor प्रयोग गरी खोलाबाट ग्राभेल ल्याई बाटो मर्मत गर्ने कार्य- बे. न. पा.- ९ ।

- प्रस्ताव नं. ६ माथि छलफल गर्दा सघन शहरी तथा भवन निर्माण आयोजनाको प. स. ०८१/०८२, च. नं. १८, मिति २०८१/०४/०८ गतेको योजना छनौट सम्बन्धी पत्रानुसार चालु आ. व. मा सो आयोजना बाट यस नगरपालिका लाई प्राप्त हुने पत्रको क्र. स. २ को "सघन शहरी विकास कार्यक्रम अन्तर्गत उदयपुर जिल्ला, बेलका नगरपालिकामा एकीकृत शहरी पूर्वाधार कार्य" अन्तर्गतको योजना यस नगरपालिकाको वडा नं. १, आम्बाशी चोक बाट विस्तार गर्ने निर्णय गरियो

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

अशोक कार्की
नगर प्रमुख

। साथै सो कार्यक्रममा विनियोजित रकम आवश्यकता अनुसार प्रयास नभएकोले कार्यक्रमलाई वहुवर्षीय योजनामा समावेश गरी थप रकम रु. ४,००,००,०००/-( अक्षरेपी चार करोड रुपैयाँ) उपलब्ध गराइदिन भनी शहरी विकास मन्त्रालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

२०७१/४/२०
अशोक कार्की
नगर प्रमुख